श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको बिक्री कर फछ्र्यौट आयोग गठन गरेको छः–

१. आयोगको गठन विधिः

(क) श्री लक्ष्मणप्रसाद उपाध्याय, कार्यालय प्रमुख,
त्रिभुवन विमान स्थल भन्सार कार्यालय——————————अध्यक्ष

(ख) स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि वा
उद्योग वाणिज्य संघ नभएको जिल्लामा स्थानीय प्रशासनले
नियुक्ति गरेको प्रतिष्ठित व्यापारी वा उद्योगपति एकजना——–सदस्य

(ग) सम्बन्धित कर कार्यालय प्रमुख——————————सदस्य-सचिव

२. आयोगको कामः कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा ५ को उपदफा (१) बमोजिम आयोगले फछ्र्यौट गर्नुपर्ने काम देहायबमोजिम तोकिएको छः–

(क) बिक्रीको अवस्थामा ग्राहकहरूबाट बिक्री कर असूल गर्ने गरी दर्ता गरिएको बिक्रेताको सम्बन्धमाः

(१) बिक्री कर दर्ता प्रमाणपत्र दिएको र पछि सो प्रमाणपत्र खारेज गरिएको बिक्रेताहरूको दर्ता भएको आर्थिक वर्षदेखि दर्ता खारेज भएको आर्थिक वर्षसम्मको बिक्री कर फछ्र्यौट गर्ने।

(२) दर्ता खारेज गर्दा मौज्दात रहेको मालसामानमा तत्काल प्रचलित आर्थिक ऐन बमोजिम लाग्ने बिक्री कर समेतलाई ध्यानमा राखी सो आर्थिक वर्षको अन्तिम बिक्री कर निर्धारण गर्ने ।

(३) कर कार्यालयमा रहेका आय करसम्बन्धी वा अन्य कुनै कागजातबाट प्रमाणित हुने मौज्दात भन्दा बिक्रेताले देखाएको मौज्दात कम देखिन आएमा प्रमाणित कागजातकै आधारमा मौज्दात कायम गर्ने ।

(४) मौज्दातको फाँटवारी दाखिल नगरेका बिक्रेताको सम्बन्धमा आय कर निर्धारण गर्दा कायम गरिएको मौज्दातको आधार लिई बिक्री करको प्रयोजनको लागि मौज्दात यकीन गर्ने ।

(५) मौज्दात यकीन गर्ने कुनै आधारभूत प्रमाण फेला नपरेमा बिक्रेताले पेश गरेको खरीद-बिक्रीको फाँटवारी, निजको तत्कालीन कारोबारको स्थिति वा अन्य उपयुक्त देखिएका आधारहरूलाई ध्यानमा राखी मौज्दात यकीन गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) उत्पादनको आधारमा बिक्री कर असूल गर्ने गरी दर्ता गरिएको उत्पादक बिक्रेताको सम्बन्धमाः

(१) उत्पादनको आधारमा बिक्री कर बुझाउने गरी बिक्रेताको रूपमा दर्ता गरिएका उत्पादकहरूको दर्ता भएको आर्थिक वर्षदेखि आर्थिक वर्ष २०३९।४० सम्मको वार्षिक बिक्री कर निर्धारण गर्ने ।

(२) आर्थिक वर्ष २०३९।४० समाप्त नहुँदै बिक्री करको प्रमाणपत्र खारेज गरिएका उद्योगहरूको थोकस्तरका बिक्रेता सरह प्रक्रिया अपनाई मौज्दात समेतको बिक्री कर निर्धारण गर्ने।

(३) आय कर निर्धारण गर्दा कायम गरिएको बिक्री अंक भन्दा बिक्रेताले देखाएको बिक्री मूल्य कम नभएमा सो बिक्री मूल्यलाई मान्यता दिई कारवाई गर्ने ।

(४) आय कर निर्धारण नभएको वा भएपनि बिक्री अंक विवादास्पद भएमा आवश्यक छानवीन गरी बिक्री मूल्य यकीन गर्ने।

(५) आयोगले आफूले फछ्र्यौट गरेको कारवाईको जानकारी सम्बन्धित बिक्रेताहरूलाई दिने र असूल गर्न पर्ने ठहराएको रकम असूल उपर गर्न सम्बन्धित कर कार्यालयमा लेखी पठाउने ।

(६) आयोगले बिक्री कर फछ्र्यौटसम्बन्धी कामकारवाई गर्दा बिक्रेता फेला नपर्ने स्थिति देखिएमा वा फेला परे पनि निजबाट असूल गर्नु पर्ने बिक्री कर असूल हुन नसक्ने स्थिति देखिएमा त्यस्ता बिक्रेताहरूको लगत तयार गरी आफ्नो राय-ठहरसाथ श्री ५ को सरकार अर्थ मन्त्रालयमा प्रतिवेदन पेश गर्ने ।

३. आयोगको कार्यावधिः कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा ५ को उपदफा (१) बमोजिम आयोगको कार्यावधि २०४१ आषाढ मसान्तसम्म तोकिएको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।